गणेशमान चारनाथ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिरेन्द्रबजार, धनुषा
मधेश प्रदेश, नेपाल

प.सं. :- २०८२/०८३
च.नं. :- ९४४०

मिति : २०८३/०१/१४

श्री सम्पूर्ण संस्थागत विद्यालय,
गणेशमान चारनाथ नगरपालिका,
बिरेन्द्रबजार, धनुषा ।

**विषय :- निर्णय कार्यान्वयन सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस पालिकामा मिति २०८३/०१/०९ गते बसेको नगर शिक्षा समितिको बैठकको निर्णयानुसार यस पालिका अन्तर्गत संचालित सम्पूर्ण संस्थागत विद्यालयमा शैक्षिक सत्र २०८३ देखि तपसिलमा उल्लेखित मासिक शूल्कभन्दा न्यूनतम हुने गरी शूल्क लिई पठन पाठन गर्नुहुन साथै शिक्षा नियमावली, २०५९ को नियम १५१ को उपनियम २ मा भएको व्यवस्था बमोजिम कुल विद्यार्थी संख्याको कम्तीमा दस प्रतिशतमा छात्रवृत्तिको व्यवस्था गर्नुहुन निर्देशानुसार अनुरोध गरिन्छ ।

तपसिल

अधिकतम मासिक शूल्क

| कक्षा | मासिक शूल्क | कैफियत |
|---|---|---|
| नर्सरी | १५०० | |
| एल.के.जी | १७०० | |
| यु.के.जी | १९०० | |
| एक | २२०० | |
| दुई | २४०० | |
| तीन | २६०० | |
| चार | २८०० | |
| पांच | ३००० | |
| छ | ३२०० | |
| सात | ३४०० | |
| आठ | ३६०० | |
| नौ | ३८०० | |
| दस | ४००० | |

२०८३/०१/१४

भर्ना शूल्क :- भर्ना हुँदाको वखत एकपटक मात्र १ महिनाको मासिक शूल्क बरावर लिन सक्ने,
वार्षिक शूल्क :- २ महिनाको मासिक शूल्क बरावर लिन सक्ने,
साथै शिक्षा नियमावली १४६ को उपनियम १ को (ग) बमोजिम परीक्षा शूल्क, कम्प्युटर शूल्क, आवास शूल्क लगायतका शूल्क उचित रुपमा लिन सक्ने र यसका अतिरिक्त कुनै प्रकारको शूल्क लिन नहुने ।

**बोधार्थ :**

श्री जिल्ला प्रशासन कार्यालय, जनकपुरधाम, धनुषा - जानकारीको लागि ।

श्री शिक्षा, विकास तथा समन्वय इकाई, जनकपुरधाम, धनुषा - जानकारीको लागि ।

श्री सूचना प्रविधि शाखा : सूचना पालिकाको वेवसाइटमा अपलोड गरिदिनु होला ।

..................................

टेकराज भट्टराई

प्रमुख प्रशासकीय अधिकृत

टेकराज भट्टराई
उपसचिव
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: ३८४

मितिः २०८३/०१/०७

नेपाल संवत् ११४६

विषयः छात्रवृतिको सूचना अद्यावधिक गर्ने सम्वन्धमा।

श्री गाउँपालिका सवै,
श्री नगरपालिका सवै।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, विद्यालय शिक्षा शाखाको प.सं. २०८२/०८३, च.नं. ४४५, मिति २०८२/१२/३० को छात्रवृतिको सूचना अद्यावधिक गर्ने सम्वन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(प्रकाश पन्थी)
शाखा अधिकृत

बोधार्थः
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, विद्यालय शिक्षा शाखा, सिंहदरवार, काठमाडौं।
श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

विद्यालय शिक्षा शाखा

सिंहदरबार,

काठमाडौं नेपाल ।

पत्र संख्या - ०८२।८३

चलानी नं - ४४५

मितिः २०८२।१२।३०

ने.सं. ११४६

**विषयः समन्वय एवं सहजिकरण सम्बन्धमा ।**

*श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय*

*सिंहदरबार, काठमाडौं ।*

प्रस्तुत विषयमा अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ को उपदफा ३ मा उल्लेख भए अनुसार निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालनमा रहेका विद्यालयले विद्यार्थी संख्याका आधारमा तोकिए बमोजिमका विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नु पर्ने भन्ने व्यवस्था भएको र शिक्षा नियमावली, २०५९ को नियम १५१ को उपनियम २ मा संस्थागत विद्यालयले कुल विद्यार्थी संख्याको कम्तिमा दश प्रतिशतमा नघटाई गरीब, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ भन्ने व्यवस्था अनुसार सम्पुर्ण विद्यालयहरुले तोकिए बमोजिम छात्रवृत्ति प्रदान गर्न निर्धारण गरिएको छनौट विधिबाट छनौट भई छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नामावली IEMIS मा तत्काल अध्यावधिक गर्ने, छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको विवरण सम्पुर्ण अभिभावकले देख्ने सुनिश्चित हुने गरी विद्यालयहरुले सार्वजनिक गर्ने, विद्यालयले प्रदान गरेको छात्रवृत्तिको विवरण अध्यावधिक गरे/नगरेको अनुगमन गरी नगर्ने विद्यालयहरुलाई तत्काल अद्यावधिक गर्न लगाउने साथै विद्यालयहरुले प्रदान गरेको छात्रवृत्ति सम्बन्धित विद्यार्थीले प्राप्त गरेको/नगरेको सम्बन्धमा अनुगमन गरी छात्रवृत्ति प्रदान नगर्ने विद्यालयहरुलाई कानुन बमोजिम आवश्यक कारवाही गर्न सम्पुर्ण स्थानीय तहहरुलाई समन्वय एवं सहजिकरण गरिदिनुहुन निर्देशानुसार अनुरोध छ ।

बोधार्थः

श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ, सबै ।

कृष्णचन्द्र पोखेल

उपसचिव